# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल**

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ६३०२

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

मिति : २०७६/१२/०९

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा नगरपालिका ।

**विषय कोरोना भाइरस सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७६/०७७, च.नं. ४३६, मिति २०७६/१२/०९ गतेको पत्रानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID 19) को रोकथाम तथा नियन्त्रणको लागि गठित उच्चस्तरीय समन्वय समितिको निर्णयानुसार तयार भएको रोकथाम तथा नियन्त्रण कार्यान्वयन कार्ययोजनाको सन्दर्भमा देहायको कार्यहरु कार्यान्वयन गरी सो को प्रतिवेदन निरन्तर रुपमा मन्त्रालयमा पठाउनुहुन भनी परिपत्र आएको हुदाँ सोही अनुरुप गर्नु/गराउनुहुन अनुरोध छ ।

तपसिल :

१) प्रत्येक वडा कार्यालय मार्फत विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को संख्यात्मक विवरण दैनिक रुपमा नगरपालिकामा पठाउने ।
२) वडामा हुने सामाजिक, सांस्कृतिक कार्यहरुको लागि मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी प्यालेस लगायतका सार्वजनिक स्थलहरुमा २५ जना भन्दा वढी व्यक्ति भेला नहुने ।
३) सिनेमा हल, सांस्कृतिक केन्द्रहरु, रंगशाला, खेलस्थान, जिम, हेल्थ क्लब, म्यूजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सबार, क्लबलाई चैत्र मसान्तसम्म बन्द गराउने ।
४) सार्वजनिक यातायातका साधनहरमा सिट क्षमता भन्दा बढी ओसार पसार गरे नगरेको अनुगमन गर्ने तथा सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न नदिने ।
५) मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिकरुपमा Disinfection एवं सरसफाई गराउने ।
६) वडा कार्यालयको भवन तथा परिसरको नियमित रुपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्वारमा अनिवार्य रुपमा सेनिटाईजर र साबुन पानीले हात धुने व्यवस्था मिलाउने ।

अवगतार्थ :

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- नगर प्रमुख/नगर उप-प्रमुखको सचिवालय, तिलोत्तमा नगरपालिका ।

२०७६/१२/०९
माधव प्रसाद दुंगाना
प्रमुख प्रशासकीय अधिकृत